☎०९१-५६०२४५

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबि निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय टीकापुर, कैलाली

प.सं. :- २०७७/०७८

च.नं. :-

मिति:- २०७७/११/१२

## भू-सेवा केन्द्र सञ्चालन सम्बन्धी सूचना ।

**प्रकाशित मिति २०७७।११।१२**

प्रस्तुत विषयमा भूमि व्यवस्थापन तथा अभिलेख विभागको मिति २०७७।१०।१४ गतेको कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू-सेवा सञ्चालन निर्देशिका, २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू-सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि **मालपोत नियमावली २०३६ को नियम २३(क) र २३(ख) बमोजिम योग्यता पुगेका तथा भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ७ मा तोकिए बमोजिम पूर्वाधार(मापदण्ड), पूरा भएका इच्छुक व्यक्ति, संस्था, फर्म, लेखापढी/कानून व्यवसायी तथा स्थानीय तहले** अनुमति लिनको लागि मिति २०७७।११।१२ गते देखि २०७७।१२।१२ गते सम्म **https://public.dolma.gov.np/** मा Online मार्फत निवेदन पेश गरी सो निवेदनको Hard Copy सहित सोसँग सम्बन्धित सक्कलै कागजातहरु यस कार्यालयको प्रशासन शाखामा पेश गर्न हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### भू-सेवा केन्द्र सञ्चालकको अनुमति किसिम र योग्यता तपसिल बमोजिम रहेको छ ।

**व्यक्तिको हकमा भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने योग्यता/भौतिक पूर्वाधार:**

- नेपाली नागरिक भै १८ वर्ष उमेर पूरा भै नागरिकता प्रमाण पत्र भएको ।
- कम्प्युटर विज्ञान विषय लिई +२(प्रविणता प्रमाण-पत्र तह) उत्तिर्ण गरेको वा सो सरह उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्तिमा ६ महिनाको कम्प्युटर तालिम लिएको ।
- प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर (PAN No.) लिएको हुनु पर्ने ।
- नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्वन्धि कुनै पनि कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको ।
- भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको

**रजिष्टर्ड संस्थाको हकमा :**

- संस्था भन्नाले जग्गा प्रशासन वा सूचना प्रविधि वा कानूनी परामर्श सेवा सम्बन्धि कार्य गर्नको लागि प्रचलित कानुन बमोजिम दर्ता भएको ।
- संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भै १८ वर्ष उमेर पूरा भएको ।
- संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तीमा +2 उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भै ६ महिनाको कम्प्युटर तालिम लिएको ।
- कानून बमोजिम संस्थाको नाउमा स्थायी लेखा नम्बर लिएको ।
- कर चुक्ताको प्रमाण पत्र भएको ।
- भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको

**कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाण पत्र प्राप्त व्यक्तिको हकमा :**

- लेखापढी तथा कानुन व्यवसायीको प्रमाण पत्र भएको ।
- नेपाली नागरिक भै प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको ।
- कर चुक्ताको प्रमाण पत्र भएको ।
- भू-सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको

**स्थानीय तहको हकमा**

- भू-सेवा केन्द्र सञ्चालन गर्ने आवश्यक जनशक्ति र पूर्वाधार भएको ।

☎०९१-५६०२४५

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय टीकापुर, कैलाली**

**साधारण प्रयोगकर्ताको हकमा**

- प्रयोगकर्ताको नाउमा जग्गा धनी प्रमाण पुर्जा भएको ।
- आफ्नो नाउमा भएका जग्गाका कित्ताहरुको विवरण भू-सूचना प्रणालीमा अद्यावधिक भएको तर भूसूचना प्रणालीमा देखिएको विवरण र जग्गा धनी दर्ता श्रेस्तामा भएको विवरण फरक परी जग्गा धनी पहिचानमा समस्या देखिएमा जग्गा धनीले सम्बन्धित कार्यालयमा गई डाटा अद्यावधिक गराउनु पर्ने छ ।

**भू-सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधारहरु:**

- भू-सेवा केन्द्र सञ्चालन गर्नको लागि उपयुक्त कोठा भएको (आफ्नै वा भाडामा लिएको)।
- कम्प्युटर, प्रिन्टर, पावर ब्याकप तथा स्क्यानर भएको ।
- भू-सेवा प्रणालीसँग कम्प्याक्टिबल हुने बायोमेट्रिक डिभाइस, वेब क्यामेरा तथा दस्तखत मेशिन भएको
- कम्तिमा २/२ MBPS को Dedicated Internet Connectivity भएको

**अनुमति पत्रको दस्तुर, अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था :**

- साधारण प्रयोगकर्ताले User Account खोल्नको लागि सम्बन्धित कार्यालयमा ५००।– रुपैया दस्तुर बुझाउनु पर्ने र प्रत्येक १० वर्षमा नवीकरणका लागि १००।– रुपैया दस्तुर बुझाउनु पर्नेछ ।
- साधारण प्रयोगकर्ताले User Account नवीकरण नगरेको अवस्थामा Online System मा त्यस्ता प्रयोग कर्ताले पहुँच(Access) स्वत: निस्कृय हुनेछ ।

**भू-सेवा केन्द्र सम्बन्धि अनुमति पत्र लिन देहाय बमोजिमको दस्तुर लाग्नेछ:**

- व्यक्तिको हकमा रु.३०००।- (तीन हजार मात्र )
- संस्थाको हकमा रु.५०००।- (पाँच हजार मात्र )

१. भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थाले कोष तथा लेखा नियन्त्रक कार्यालय टीकापुर कैलालीको नेपाल बैक बैंक लि. टीकापुर शाखामा रहेको **खाता.न. ४१७०१००१०२०३००००क-२-३ को कार्यालय कोड नं. ३३६०१७७०२** मा धरौटी वापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नु पर्ने छ । बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा १ महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

- (क) व्यक्तिको हकमा ५०,०००।– (पचास हजार मात्र )
  (ख) संस्थाको हकमा २०००००।- ( दुई लाख मात्र )

२. स्थानीय तहको हकमा भू-सेवा केन्द्रको अनुमती लिन र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।

३. भू-सेवा केन्द्र सञ्चालनको अनुमति पत्रको अवधि १ वर्षको हुनेछ तर पहिलो पटक सूचना प्रकाशित भएको हकमा असार मसान्त सम्म मात्र हुनेछ ।

- ३. बैंक तथा वित्तीय संस्था, सहकारी, कर्मचारी संचयकोष, नागरिक लगानीकोष जस्ता संस्थाहरुले धितो बन्धक, रोक्का र फुकुवा प्रयोजनको लागिमात्र आफ्नो प्रधान कार्यालय रहेको कार्यक्षेत्र भित्रको मालपोत कार्यालयमा अनलाईन निवेदन पेश गरी अनुमति प्राप्त गर्नुपर्नेछ । प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यक्तानुसार आ-आप्नो शाखा कार्यालयहरुलाई User वितरण गर्न सक्नेछ छ ।

४. निवेदन दिने अन्तिम म्याद : मिति २०७७ साल चैत महिनाको १२ गते सम्म ।

५. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हुनेछ ।

२०७७।११।१२

बम बहादुर चन्द
मालपोत अधिकृत